मिति : २०८०/०९/०१

# बि.एस्सी. वायोलोजी तथा फिजिकल समूह अन्तर्गत प्रथम वर्षमा नयाँ भर्नाका लागि पूर्वभर्ना आवेदन फारामको म्याद थप सम्बन्धि सूचना

शैक्षिक शत्र २०८०/०८१ सालमा स्नातक तह अन्तर्गत बि.एस्सी. वायोलोजी तथा फिजिकल समुहमा प्रथम वर्षमा भर्नाको लागि त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयद्वारा मिति २०८०/०८/१६ गते लिइएको प्रवेश परीक्षामा उत्तिर्ण हुने विद्यार्थीहरुबाट यस केन्द्रीय प्रविधि क्याम्पस, धरानमा जीवशास्त्र तथा भौतिकशास्त्र (Biology & Physics) समुहमा मिति २०८० मंसिर २९ गते सम्म माग गरिएको पूर्व-भर्ना आवेदन फारामको म्याद थप गरिएको छ। भर्ना प्रकृयाको सम्बन्धमा त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयले प्रकाशित गरेको प्रवेश परीक्षाको नतिजा बमोजिम यस केन्द्रीय प्रविधि क्याम्पसमा पढ्न आवेदन दिने विद्यार्थीहरुमध्येबाट योग्यताक्रमानुसार भर्ना लिईने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गरिन्छ । Application Form क्याम्पस प्रशासन वा क्याम्पसको **OFFICIAL** Website www.cctdharan.edu.np बाट पनि प्राप्त गर्न सकिनेछ।

अनलाईन मार्फत पूर्व-भर्ना फाराम भर्ने विद्यार्थीहरुको हकमा यस केन्द्रीय प्रविधि क्याम्पस, धरानको नाममा प्रभु बैंक लिमिटेड, धरानमा रहेको बैक खाता नं. ०१९००२०३५३८०००१४ (चल्ति खाता) मा रु. २००।- (दुई सय मात्र) जम्मा गरेको भौचर, भरेको Application Form तथा तल उल्लेखित आवश्यक कागजातहरु Scan गरि यस क्याम्पसको E-Mail : **infocctexam@gmail.com** मा पठाएर पनि पूर्व-भर्ना फाराम भर्न सकिनेछ।

**आवेदन फाराम शुल्क :** रु. २००।-

त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीन कार्यालयको निर्देशन अनुसार २० प्रतिशत विद्यार्थीहरुलाई समावेशी कोटामा भर्ना गराउनुपर्ने प्रावधान बमोजिम यस क्याम्पसमा समावेशी कोटामा पढ्न ईच्छुक विद्यार्थीहरुले माथि उल्लेखित पूर्व-भर्ना आवेदन फाराम भरि आवश्यक कागजातहरुको साथ बुझाउनु पर्नेछ।

**समावेशी कोटामा भर्ना हुन चाहने विद्यार्थीहरुको निम्न बमोजिमको योग्यता अनिवार्य रुपमा भएको हुनु पर्नेछ।**

**(क)** उम्मेद्वारले कक्षा ८, ९ र एस.एल.सी/एस.ई.ई. सामुदायिक विद्यालयमा र कक्षा ११ र १२ सामुदायिक विद्यालय वा नेपाल भित्रका विश्वविद्यालयहरुको आंगिक क्याम्पसमा अध्ययन गरेको हुनु पर्नेछ। तर नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरि अन्य निजी कलेजमा अध्ययन गरेको भए सोको प्रमाण पेश गर्नुपर्नेछ।

**(ख)** समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा भर्ना हुन चाहने विद्यार्थीहरुको हकमा : अपाङ्गले राष्ट्रिय आयोग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, आदिवासी/जनजातीले आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाँउपालिका तथा नगरपालिकाबाट, मधेसी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, मुश्लीम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सो को प्रमाणपत्र पेश गरेको हुनु पर्नेछ।

**(ग)** आरक्षण प्राप्त गर्ने व्यक्तिले झुठो विवरण पेशगरि भर्ना आरक्षण सुविधा लिएको प्रमाणित भएमा भर्ना रद्द गरि कानुन बमोजिम कारबाहि गरिनेछ।

अन्यथा, समावेशी कोटाका लागि परीक्षा फारामको साथ आवश्यक कागजात पेश नगरेको खण्डमा क्याम्पस प्रशासन नतिजा प्रकाशन गर्न बाध्यकारी हुने छैन।

**आवेदन फाराम बुझाउने अन्तिम मिति :** २०८०/०९/०४ गते सम्म।

पुनश्चः फाराम बुझाउँदा ११ को मार्कसिट तथा १२ को ट्रान्सकृप्ट तथा SCORE CARD को प्रति अनिवार्य बुझाउनु पर्नेछ।

नोट : यस केन्द्रीय प्रविधि क्याम्पस, धरानमा वि.एस्सी. चौथो वर्ष अन्तर्गत Physics, Geology, Microbiology, Botany, Zoology, Math, Statistics, Chemistry विषयहरु Major विषयका रुपमा पढाई हुनेछन्। साथै वि.एस्सी. तेश्रो तथा चौथो वर्षमा अध्ययनका लागि प्रत्येक विषय कम्बिनेशनमा कम्तिमा १० जना विद्यार्थीहरु भर्ना हुनु पर्नेछ।

..............................
(डा. शिवकुमार लिम्बु)
क्याम्पस प्रमुख